दर्ता नं. १५८/०५६/०५७

पान नं. ६०१७४२२१९

# २५औं साधारण सभा
# वार्षिक प्रतिवेदन
# २०८०/०८१

सहयात्राका २५ पाईलाहरु...

"सक्षम सदस्य, प्रतिस्पर्धी र उत्कृष्ट साकोस"

# न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.

| | |
|---|---|
| मालिका-६, दरबाङ, म्याग्दी फोनः ०६९-४२०१२४ | अन्नपूर्ण-६, पोखरेबगर, म्याग्दी फोनः ९८५७६२७४०९ |
| जलजला-३, मल्लाज, पर्वत फोनः ९८५७६२६४०९ | मंगला-२, बाबियाचौर, म्याग्दी फोनः ९८५७६२८४०९ |
| बे.न.पा.-४, तातोपानी, म्याग्दी फोनः ९८५७६२४४०९ | धवलागिरि-३, फलियागाउँ, म्याग्दी फोनः ९८५७६३६४०९ |

Email: ndsaccos@gmail.com
www.newdhaulagirisaccos.com.np

मुख्य कार्यालयः बेनी, म्याग्दी
०६९-५२०४०९,५२०५२०, ५२०५३५,५२०९७०,
९८५७६३२४०९

# न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.

## बेनी, म्याग्दी

## सञ्चालक समिति (२०७८-२०८१)



श्री अमृतलाल श्रेष्ठ
अध्यक्ष



श्री लिलाबहादुर बानियाँ
नि. अध्यक्ष



श्री रामजीप्रसाद सुवेदी
उपाध्यक्ष



श्री चन्द्रकुमार के.सी.
सचिव



श्री बमबहादुर पुन
कोषाध्यक्ष



श्री विरेन्द्रमान शाक्य
सञ्चालक सदस्य



श्री अनुशा गौचन
सञ्चालक सदस्य



श्री कृष्णकुमार शेरचन
सञ्चालक सदस्य



श्री रविन्द्र कार्की
सञ्चालक सदस्य



श्री अनिता भण्डारी कार्की
सञ्चालक सदस्य



श्री हेमन्त थापा
सञ्चालक सदस्य



श्री तुलप्रसाद श्रेष्ठ
सञ्चालक सदस्य



श्री भिमविक्रम मल्ल
सञ्चालक सदस्य



श्री ठकराज बरुवाल
सञ्चालक सदस्य



श्री देवीकुमारी खत्री
सञ्चालक सदस्य



श्री मदन मल्ल
सञ्चालक सदस्य

## लेखा सुपरिवेक्षण समिति (२०७८-२०८१)



श्री गोविन्दप्रसाद पौडेल
संयोजक



श्री टिकाराम शर्मा
सदस्य



श्री मानसिं सापकोटा
सदस्य



अधिवक्ता श्री ईश्वर गिरी
कानुनी सल्लाहकार
९८५७६२६७१८

"सक्षम सदस्य, प्रतिस्पर्धी र उत्कृष्ट साकोस"

PAN No : 601742219

# न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि.
NEW DHAULAGIRI SAVING AND CREDIT CO-OPERATIVE LIMITED

Ref No. :- २०८१/०८२/४६२ Date : २०८१/०६/२८

## सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई २५ औं साधारणसभा सम्बन्धी सूचना ।

न्यु धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. को २०८१ कार्तिक १० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको २५औं बार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशका २०७६ ( संशोधित ०७७ ) बमोजिम तपशिल अनुसार विषयहरूमा छलफल र निर्णय गर्न निम्न तालिका अनुसार एकाईगत साधारणसभा र एकाई प्रतिनिधीहरूको निर्णय प्रमाणित सभा हुने भएकोले आफ्नो नामावली रहेको सेवाकेन्द्र कार्यालय स्थानमा उपस्थिती भईदिनुहुन यहांहरूलाई हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरू :

१ , संचालक समिति का सचिवद्धारा प्रस्तुत ०८०/०८१ को प्रगती प्रतिवेदन तथा आ.व. ०८१/०८२ को निति तथा कार्यकमहरूको सम्वन्धमा ।

२ , संचालक समिति का कोषाध्यक्षद्धारा प्रस्तुत ०८०/०८१ को आर्थिक प्रतिवेदन तथा आ.व. ०८१/०८२ लागि प्रस्तावित बजेट पारित गर्ने कार्यकमहरूको सम्वन्धमा ।

३ , २०८०/०८१ को लागि लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत र पारित सम्वन्धमा ।

४ , आगामी आ.व. ०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्वन्धमा ।

५ , लाभांश , संरक्षित पूंजी फिर्ताकोष , कर्मचारी बोनस वितरण सम्वन्धमा ।

६ , सहकारी एकिकरण तथा सेवाकेन्द्र बिस्तार , कार्यक्षेत्र थप गर्ने सम्वन्धमा ।

७ , निति तथा कार्यविधि परिमार्जन , संसोधन तथा पारित सम्वन्धमा ।

८ , निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्वन्धमा ।

९ , एकाई प्रतिनिधि छनौट सम्वन्धमा ।

१० , संचालक समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

११ , निष्कृय शेयर सदस्य सम्वन्धमा ।

१२ , घर जग्गा खरिद/ बिक्री सम्वन्धमा ।

साधारण सभा तालिका ( स्थान परिवर्तन भएमा सात दिन अगावै खवर गरिनेछ )

| एकाई | मिति | समय | |
|---|---|---|---|
| क) साधारण सभा | | | |
| १, वेनी मुख्य शाखा कार्यालय | २०८१ पौष ०६ गते | बिहान १० बजे | संस्थाको कार्यालय भवन, बेनी । |
| २, दर्वाङ्ग सेवाकेन्द्र | २०८१ मंसिर ३० गते | बिहान १० बजे | होटल हिमाल, दरबाङ्ग । |
| ३, मल्लाज सेवाकेन्द्र | २०८१ पौष ०३ गते | बिहान १० बजे | जि.सी. हल मल्लाज । |
| ४, तातोपानी सेवाकेन्द्र | २०८१ पौष ०२ गते | बिहान १० बजे | कृषी सहकारी भवन, तातोपानी । |
| ५, अन्नपुर्ण सेवाकेन्द्र | २०८१ मंसिर २८ गते | बिहान १० बजे | कोट मन्दिर घार, म्याग्दी । |
| ६, बावियाचौर सेवाकेन्द्र | २०८१ पौष ०१ गते | बिहान १० बजे | कार्यालय भवन, बावियाचौर । |
| ७, धौलागिरि सेवाकेन्द्र | २०८१ मसिर २९ गते | बिहान १० बजे | कार्यालय भवन, फलियागाउँ । |
| ख) एकाई प्रतिनिधीहरूको निर्णय प्रमाणित सभा | २०८१ पौष १० गते | बिहान १० बजे | संस्थाको कार्यालय, बेनी म्याग्दी |

बिस्तृत जानकारीका लागि आ-आफ्नो सदस्यता भएका सेवाकेन्द्रमा सम्पंक गर्नुहुन सुचित गरिन्छ ।

पुनश्च : नियमित बचत गर्न बाँकि सदस्यहरूले सेवाकेन्द्रको साधारणसभा अगावै आफ्नो सदस्यता रहेको वा नजिक पर्ने सेवाकेन्द्रमा गई अनिवार्य बचत गर्नु हुन जानकारी गराउदै साधारण सभामा आउदा सदस्यलाई प्रतिसदस्य बैठक भत्ता रू ५००। मा रू ७५ । कर कट्टी गरि बाकि रकम खातामा भुत्तानी दिईने छ तर २०८१ साल असार मसान्त सम्मको नियमित बचत नगर्ने र ऋणमा भाखा नाघेका र तिर्नु बुझाउनु पर्ने ब्याज किस्ता बाँकी भएका सदस्यहरूलाई बैठक भत्ता रकम भुक्तानी गरिने छैन । तर्सथ सबै सदस्यज्यूहरूले अनिवार्य मासिक बचत खाता खोली बचत गर्नुहुन र ऋण नियमानुसार तिर्नुहुन अनुरोध गरिन्छ ।

चन्द्र कुमार के.सी.
सचिव

Head Office Beni Bazar, Myagdi District, Dhaulagiri Zone Nepal Phone : 0977, 69520409,520520/520970/520535 Email : ndsaccos@gmail.com

मुख्य कार्यालय : ०६९-५२०४०९, ५२०५३५ बेनी : ०६९-५२०५३५, दरबाङ सेवा केन्द्र: ०६९-४२०१२४, ९८५७६३३४०९, तातोपानी सेवा केन्द्र : ९८५७६२४४०९, ९८५७६८०४७०, मल्लाज सेवा केन्द्र ०६९-५२०३६६, ९८५७६२६४०९, पोखरेबगर सेवा केन्द्र ९८५७६२७४०९, अन्नपूर्ण: ९८५७६३५४०९, बावियाचौर सेवाकेन्द्र : ९८५७६२८४०९, धौलागिरी गा.पा.: ९८५७६३६४०९

# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।





प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूको रगतले, स्वतन्त्र र अटल ।





ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।





बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।



रोवर्ट ओवेन
सहकारीका पिता



वखानसिंह गुरुङ्ग
नेपाली सहकारी अन्दोलनका अग्रज

अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित

## सहकारीका सात (७) सिद्धान्तहरू:

**स्वैच्छिक तथा खुल्ला सदस्यता**
(Voluntary and Open Membership)

**सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण**
(Democratic Control By Member)

**सदस्यको आर्थिक सहभागिता**
(Member Ecomomic Participation)

**स्वायत्तता र स्वतन्त्रता**
(Autonomy and Independence)

**शिक्षा, तालिम र सूचना**
(Education, Training and Information)

**सहकारी संस्थाहरू बीच सहयोग**
(Co-operation Among Co-operatives)

**समुदायप्रति चासो**
(Concern for Community)

# सहकारी गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ।।
थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ।।
अमूल्य मूल्य देशको सगर्व सधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ।।
हजार गौथली र यहाँ करोडौं मौरी बन्न
सँगाली बुँद बूँदले जिन्दगी यो बदल्न चतुर्दशी
साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ।।
सिद्धान्त हाम्रा अमर रहून्, स्वप्नद्रष्टा अमर रहून्
वसुधैव कुटुम्बकम् आदर्श अमर रहून् ।।

# बचत तथा ऋण सहकारी संचालनका १० सिद्धान्तहरू

**क. सहकारी संरचना**

१. सदस्यको स्वामित्व
२. सदस्यद्वारा नियन्त्रण
३. प्रजातान्त्रीक नियन्त्रण

**ख. सदस्यलाई सेवा:**

१. वित्तीय समावेसीकरण
२. वित्तीय दिगोपन स्थायित्व
३. सदस्यहरुको आर्थिक लाभमा वृद्धि

**ग. सदस्यलाई शिक्षा:**

१. वित्तीय साक्षरता
२. सञ्जाल सहकार्य
३. सामाजिक उत्तरदायित्व
४. विश्वव्यापी परिकल्पना.

# हार्दिक शुभकामना !!

सहकारी सम्बन्धी प्रचलित ऐन कानुनका साथै सहकारी मूल्य, मान्यता र सिद्धान्त बमोजिम सञ्चालन हुने व्यवसायिक सङ्गठन सहकारी हो। सहकारीले स्वावलम्बन र पारस्पारिकताको माध्यमबाट समुदायमा छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभालाई एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । सहकारी क्षेत्रको यस महत्वलाई मध्यनजर गर्दै नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत सरकारी क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध स्रोतसाधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने गरी आर्थिक उद्देश्य लिइएको छ ।

नेपालमा विक्रम सम्वत् २०१० सालमा गठन भएको सहकारी विभागले सहकारी विकासको प्रक्रिया प्रारम्भ गरी सहकारी अभियानले सत्तरी वर्ष बढीको ऐतिहासिक अनुभवलाई परिष्कृत गर्दै शोषणविहीन आर्थिक सम्बन्धहरू प्रवर्धन गर्ने शक्तिको रूपमा विकसित भइरहेको छ। यस सिलिसलामा सहकारी क्षेत्रमा देखिएका कतिपय समस्या, चुनौती तथा विकृति विसङ्गतिउपर विहङ्गम समीक्षा र पुनरावलोकन गर्दै सहकारीको सुदृढीकरण र सुधार गर्दै अघि बढ्नु उत्तिकै जरुरी भएको छ ।

म्याग्दी जिल्लामा कार्यक्षेत्र रहेको न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले २५औं वार्षिक साधारणसभा गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ। साधारणसभामा सहकारी संस्थाका शेयर सदस्यहरूसँग वार्षिक आयव्यय, लेखासुपरीवेक्षण समितिको प्रतिवेदन, भाखा नाघेका ऋण, आगामी दिनमा गर्नुपर्ने कार्यक्रम, संस्थाले गर्नुपर्ने सुधारका कार्य लगायतका विषयहरूउपर अनिवार्य छलफल गरी संस्थागत उन्नयन पहिल्याउनुहुनेछ भन्ने आशा लिएको छु। सहकारीका मूल्य, मान्यता र मर्मलाई अबलम्बन गरी सदस्यहरुका आर्थिक, सामाजिक पक्षहरूलाई सबलीकरण गर्दै अघि बढिरहने कार्यमा सम्पूर्ण सञ्चालक, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, शेयर सदस्य, कर्मचारी लगायतका जिम्बेबार पदाधिकारीहरूले निर्वाह गर्दै आउनुभएको भूमिकाका लागि हार्दिक बधाइ दिन चाहन्छु। यो संस्था स्वनियमन, स्वनियन्त्रण, सुशासन, वित्तीय अनुशासन, जवाफदेहिता जस्ता पक्षलाई अत्मसात गरी आम सदस्य र सामुदायिक हीतउपर ध्यान केन्द्रित गर्दै अझ सशक्तरूपमा अघि बढिरहोस् भन्ने हार्दिक शुभकामना समेत व्यक्त गर्दछु ।

भेषराज रिजाल
रजिष्ट्रार
सहकारी रजिष्ट्रारको कार्यालय
गण्डकी प्रदेश, पोखरा

सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

## शुभकामना



सहकारी **संस्था** मार्फत सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणको अभियानमा सक्रिय **बेनि बजार,म्याग्दि जिल्ला,स्थित न्यु धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा** आफ्नो **२५औं बार्षिक साधारण सभाको** अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु, वार्षिक कार्यक्रम तथा बजेट, लेखा परिक्षण प्रतिवेदन तथा विभिन्न गतिविधिहरु सहित समसामयिक विषयको जानकारी दिने उद्देश्यले **"बार्षिक पुस्तिका"** प्रकाशन गरि सदस्य तथा सरोकारवाला माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।यस अवसरमा म **संस्था**का शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् **संस्था** परिवारलाई बधाई दिन चाहान्छु ।

यस सहकारी **संस्था**ले त्यस क्षेत्रमा नागरिकहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि **संस्था**ले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दछु । **संस्था**ले यस क्षेत्रको मात्र नभएर नेपालको एक अग्रणी सहकारीको रुपमा स्थापित भै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो साख वृद्धि गर्न सफल भएको पाएको छु ।

सहकारी **संस्था** खासगरी स्थानीय समुदायको सहभागितामा विकासको लागि स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्यख्य मात्रमा योगदान गरिरहेको छ । सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीय स्तरका आर्थिक सामाजिक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन् । मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ । वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीघिकालीन सोचलाई पुरा गर्नको लागि सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

अन्तमा **संस्था**ले आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबि न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित **२५औं वार्षिक साधारण सभाको** पुर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!!

मिति : २०८१/०८/०२

बद्रीकुमार गुरागाई
प्रमुख कार्यकारी अधिकृत

एउटै अभियानः एउटै आवाज, सुरक्षित साकोसः समुन्नत समाज

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि.
म्याग्दी, बेनी ।

## शुभकामना

यस संघमा आबद्ध **न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि.** को २५औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको २५औं वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "स्वस्थ र सुरक्षित साकोसहरुको जवाफदेही एकीकृत सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८१/०८/०२

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१, ४७९४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

# न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.को २५औं वार्षिक साधारण सभामा संस्थाका अध्यक्ष अमृतलाल श्रेष्ठद्वारा प्रस्तुत प्रतिवेदन

गरिमामय २५औ वार्षिक साधारण सभामा उपस्थित प्रमुख अतिथीज्यू, अतिथीज्युहरु, पत्रकारज्यूहरु, विभिन्न सहकारी संघसंस्थाको तर्फबाट प्रतिनिधित्व गर्नुहुने सहकारीकर्मी मित्रहरु, सुरक्षा तथा अन्य निकायबाट पाल्नुहुने राष्ट्रसेवक महानुभावहरु, शुभचिन्तक महानुभावज्यू, सञ्चालक साथिहरु, लेखा सुपरिवेक्षक समितिको संयोजकज्यू तथा सदस्यज्यूहरु, सेवाकेन्द्र उपसमितिको संयोजकज्यूहरु तथा सदस्यज्यूहरु, प्रमुख व्यवस्थापकज्यू लगायत संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीवर्ग एवम् यस साधारण सभामा उपस्थित  सम्पुर्ण शेयर सदस्यज्युहरु, उपस्थित अन्य महानुभावज्यूहरु सवैलाई म न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवम न्यानो अभिवादन व्यक्त गर्दछु । साधारण सभाको यस विशेष अवसरमा यस संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन अविस्मरणीय योगदान गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाल सरकार सहकारी ऐन २०४८ अन्तर्गत सहकारी तथा गरीवी निवारण मन्त्रालय सहकारी बिभाग डिबिजन सहकारी कार्यालय बाग्लुङबाट आ.व. २०५६।०५७ दर्ता नं. १५८ मिति २०५६।१२।०९ मा यस न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. बेनी, म्याग्दीले स्वीकृती प्राप्त गर्यो ।  सिमित सदस्यहरुबाट स्थापना भएको यो संस्था यहाँहरुको अविस्मरणिय साथ, सहयोग, सद्भाव र मार्ग निर्देशनमा सहकारीको विश्वव्यापी मूल्य मान्यता र सिद्धान्तलाई अंगिकार गर्दै स्थानीय र समाजमा छरिएर रहेको स-साना रकमहरुबाट पुंजी, प्रविधि र परिमाणलाई स्वालम्वन र पारस्परिक सहयोगको आधारमा पुंजि निर्माण गरि स्थानीय स्तरबाट रोजगारीको सृजना, व्यापार व्यावसाय, उद्योगधन्दा, शिक्षा स्वास्थ्य तथा यातायातको बिकासका तथा समाजको रुपान्तरणका लागि स्थानीय रुपमा पहल गर्दै  प्रभावकारी वित्तिय सेवामार्फत सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिकस्तर उठाउदै समुदायमा आधारित सदस्य केन्द्रित लोकतान्त्रिक स्वायत , स्वशासित र शुसासित संस्थाको रुपमा स्थापित हुन सकेकाछौं । नेपालको सहकारी क्षेत्रलाई प्रर्वधन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने अवधारण रहेकाले यसलाई आत्मसाथ गर्दै र असल व्यवसायीक सहकारी अभ्यास मार्फत संस्थाको प्रतिष्ठा उचाईमा पुराउन अधिकतम प्रयत्न गरिरहेका छौ ।

संस्थाको २५औं वर्षसम्म आईपुग्दा यस संस्थाले अनेकौं आरोह अवरोहबाट गुज्रिनु परेतापनी “एकका लागि सबै, सवैका लागि एक” भन्ने सहकारी अभियानको मुल मन्त्रबाट अलिकति पनि बिचलित नभई आफ्ना सदस्यहरुको आवश्यकता  र सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्दै ऐन, नियम तथा कार्यविधीको सिमाभित्र रहि समयसापेक्ष उत्कृष्ट वित्तीय सेवा प्रदान गर्दै आईरहेको छौं । संस्थाले ७ वटा सेवाकेन्द्र र २ वटा सदस्य उप-केन्द्र मार्फत सदस्यलाई स्थानियस्तरमा नै सेवा प्रदान गरीरहेको छ । सहकारी क्षेत्रमा कोभिड १९ को नकारात्मक रुपमा असर कम हुन नपाउदै विश्व अर्थतन्त्रको अतिरिक्त नेपालमा समेत

अर्थतन्त्रमा परेको प्रभाव र अन्य कारणले गर्दा कारोवारमा छाएको मन्दीको कारण उद्धेश्य अनुरुप सदस्य संख्यामा वृद्धी नहुनु, बचत संकलनमा ह्वासआउनु, ऋणमागमा कमी हुनु, कार्यक्षेत्र भित्रको वित्तीय क्षेत्रबिच अस्वभाविक प्रतिस्पर्धा हुनु सर्न्दभ ब्याजदरको कारण बचतमा दिने र ऋणमा लिने ब्याजदर अन्तर कम हुनु ऋण लगानीबाट समयमा व्याज प्राप्त नहुनु जस्ता कारणले लक्ष्य अनुरुपको आम्दानी हुन सकेन यसमा सदस्यको सकारात्मक सहयोगको अपेक्षा सहित क्षमाप्रार्थि छु । यस्तो विसम अवस्थामा समेत संस्थाप्रतिको दायित्व ईमान्दारिता पुर्वक पुरा गरी संस्थाको वित्तिय कारोवारमा चुस्त दुरुस्त राख्न भरपुर सहयोग गर्ने सम्पूर्ण ईमान्दार सदस्यज्यूहरु र अहोरात्र काममा खटिने लगनशिल कर्मचारी र जिम्मेवारी बोधले निरन्तर क्रियाशिल समिति ,उपसमिति सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै सहयोग र साथको अपेक्षा राखेको छु। संस्थाले गत आ.व.को समस्त कारोवारको समीक्षा गरि आ.व. २०८१/२०८२ को निति तथा कार्यक्रम र बजेट निर्माण गरि कार्यावन्यनको चरणमा संस्था रहेको छ। सहकारी मूल्य मान्यताको अवलम्वन र असल अभ्यासलाई अनुशरण गर्दै वित्तिय सेवालाई प्रतिस्पर्धी , गुणस्तरिय प्रभावकारी र समय सापेक्ष बनाईने छ। तालिम, सहकारी शिक्षा, परामर्श, अवलोकन भ्रमण मार्फत सदस्यहरु, संचालक सदस्यज्यूहरु, कर्मचारीहरुको क्षमता अभिवृद्धी गरिनेछ। सहकारी सम्बन्धी शिक्षा र जनचेतनाको कमी सहकारीको सिद्धान्त, मुल्यमान्यता, नीति, विधि, र प्रविधिको प्रयोगको कमजोर अवस्था, सुशासनको अभाव, सहकारी संस्थाको अधिक संख्यात्मक विस्तार, दोहोरो सदस्यता, वित्तीय अनुशासनको पालनामा हेलचक्र्याइँ, प्रभावकारी नियमन तथा अनुगमनको अभाव, स्वअनुसानमा उदासिनता आदि सहकारी अभियानको अहिलेको चुनौतिहरु हुन यिनै समस्यामा उदासिन सहर केन्द्रित केहि ठूला सहकारी संस्थाहरु एकपछि अर्को समस्याग्रस्त बन्दै गएकाले सहकारी संस्थाप्रती सर्वसाधारणको अविश्वास बढ्दै गएको छ। बजारमा विभिन्न सहकारीको ऋण तिर्ने नपर्ने र ऋण मिनाह हुने जस्ता भ्रमिक सन्देशले पनि ऋण असूली तथा वित्तीय कारोवारमा असर परेको छ। यस्तै गलत सन्देशले गर्दा सहकारी क्षेत्रमा समस्याहरु दिनानुदिन बढ्दै गईरहेको छन्। यस्ता समस्याहरुलाई चिरफार गर्दै यस संस्थालाई राम्रो संस्था बनाउने विश्वास लिई वित्तीय अनुशासनको पालना गर्दै नियमित कारोवारमा जुटि उत्कृष्ट सहकारी बनाउने अभियानमा साथ सहयोग गरि दिनुहुन म अनुरोध गर्दछु।

अन्त्यमा, यस कार्यक्रममा आफ्नो व्यस्तताका बावजुद कार्यक्रमा उपस्थित भइदिनुहुने प्रमुख अतिथि, अतिथिज्यूहरु, शेयर सदस्यज्यूहरु, संचालक सदस्य साथीहरु, लेखासमिति तथा उपसमितिका सदस्यहरु, पत्रकार बन्धुहरु, प्रबन्धकज्यू, कर्मचारीहरु, उपस्थित महानुभावहरु लगायत एवं सहकारी परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दै उद्घाटन सत्रको समापन भएको घोषणा गर्दछु। जय सहकारी ॥॥

२०८१ मंसिर २८ गते।

.........................

अमृतलाल श्रेष्ठ

अध्यक्ष

# न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.को २५औं वार्षिक साधारण सभामा संस्थाका सचिव चन्द्रकुमार के.सी.द्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन

सम्मानित साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू, पत्रकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, पत्रकार बन्धुहरु, संस्थाका वरिष्ठ व्यवस्थापकज्यू, सेवाकेन्द्र प्रमुखज्यूहरु कर्मचारीहरु एवं उपस्थित महिला तथा सज्जनवृन्दहरु ।

स्थापनाकालमा आज भन्दा २५ वर्ष अघि म्याग्दी जिल्लाको प्रथम बचत तथा ऋण सहकारी संस्थाका रुपमा यस संस्थाको जन्म हुंदा शेयर रकम ७ लाख २५ हजारबाट आफ्नो कारोबार सञ्चालन गरेको यस संस्थाले यो २ दशकको अवधिमा लगभग ८करोड ५० लाख ५७ हजार ७ सय पूँजी संकलन र ७५९८ जना शेयर सदस्य गरी म्याग्दी जिल्लाका ५ स्थानीय तह एवं पर्वत जिल्लाको १ स्थानीय तहमा आफ्नो प्रत्यक्ष  कारोवार ७ वटा सेवाकेन्द्र र २ वटा उपकेन्द्र मार्फत आफ्नो सेवा विस्तार गर्न सफल भएको छ। संस्था वर्तमान अवस्थासम्म आईपुग्न संस्थापक अध्यक्ष स्व.राम गौचन लगायत पूर्व सञ्चालक साथीहरुको योगदान स्मरणिय भूमिका रहेको स्मरण गर्दै आजको दिनमा म स्व.गौचनको आत्माको चिरशान्तीको कामना गर्दै श्रद्धासुमन व्यक्त गर्दछु। संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरु, कर्मचारी एवम् शेयर सदस्यहरु बीचको आपसी सद्भाव, विश्वास र लगनशीलताका कारण संस्थाले वर्तमान आकार र क्षेत्र लिन सकेको तथ्यप्रति सबैलाई ध्यानाकर्षण गराउँदछु ।

सहकारीको व्यवस्थापनमा रहेको मानवीय शक्तिको गुणस्तर, सञ्चालन दक्षता, अनुभव र योग्यतामा संस्थाको भविष्य निर्भर रहेको हुन्छ। सहकारीताको मूल ध्येय वा मर्म भनेको सहकार्य हो। पारस्परिक सहयोगबाट आत्म उन्नतिको बाटोतर्फ अग्रसर हुन सहकारीको माध्यम आवश्यक हुन्छ। सहकारीताको यहि मूलमर्मलाई आत्मसाथ गरी संस्था संचालन भइरहेको तथ्य स्मरणीय छ। बर्तमान आर्थिक मन्दीका कारणले राज्यको समग्र क्षेत्रमा नकारात्मक प्रभाव परेको परिवेशमा यो क्षेत्र सबैभन्दा बढी मारमा परेको छ। सहकारीहरुमा ऋण लगानीका अवसरहरु हराउदै गएको र बचत संकलनमा ह्रास हुंदै गएको कारणले अहिले व्यापक तरलताको अभावको सामना गर्नुपरेको अवस्थामा भने यस सहकारीमा हाम्रा शेयर सदस्यको संस्था प्रतिको प्रगाढ विश्वासको कारण यो समस्या झेल्नु परेको छैन। विगतवर्षका कोरोना महामारी, भौतिक दुरी कायम गर्दै कारोवार व्यवस्थापन लगायतका विसम परिस्थितिका बीचमा साधारण सभा सम्पन्न गर्नुपरेको तितो अनुभव हामीहरु माझमा अझै ताजा छ। त्यस पछी देशको अर्थतन्त्रमा गिरावट आएको कारण बचत संकलनमा कमी आई तरलताको अभावको चुनौति समेत महशुस गर्नु पर्छकी भन्ने अवस्थाको समेत सदस्यज्यूहरुको साथ सहयोगले संस्थामा कहिलैपनी तरलताको कमीको महशुस गर्नु परेन र हाल तरलता वढी भई ऋण लगानीको लागि दवाव सृर्जना भएको छ जसमा तपाईहरुको साथको अपेक्षा गर्दछौँ र लगानीमा भएको ऋणमा ऋणी सदस्यहरुको आम्दानीको स्रोत घट्दै गएकोले पर्याप्त

धितो हुँदा पनि ऋण असुलीमा समस्या देखा परेको छ। जस कारणले गर्दा यो चुनौतिलाई सामना गर्न पर्याप्त मात्रामा प्रोभिजनमा रकम व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ। यसरी प्रोभिजन गर्दा आम्दानीमा असर पर्दा संस्थाले मुनाफा वितरण तर्फ भन्दा पनी सस्थालाई कसरी मजबुत र दिगो संस्था बनाउन सकिन्छ भन्ने तर्फ संचालक समितिले प्राथमिकता दिएको र मुनाफा तर्फ प्राथमिकता दिएको छैन। यसलाई सदस्यज्यूहरुले गहिरो संग अध्ययन मनन गरि संस्थाको हितमा बुझिदिनुहुने छ भन्ने मेरो र समग्र व्यवस्थापनको अपेक्षा रहेको छ।

संस्थाले सदस्यको हितमा रही कार्य गर्दै गर्दा सामाजिक सेवा र कल्याणको क्षेत्रमा समेत जे जति हुन्छ यो संस्थाले सहभागिता जनाएको छ जसमा शैक्षिक क्षेत्र र अन्य संघ संस्था लाई महत्व दिई केही अग्रणी शैक्षिक संस्थाहरुमा अध्ययन गर्ने दलित, गरिब तथा जेहेन्दार छात्रछात्राहरुलाई र संघ संस्थामा समेत सक्दो आर्थिक सहयोग गरी आएको कुरा स्मरणः गराउन चाहन्छु। यसतर्फ यस संस्थाले यस आ.व. २०८०/०८१ मा निम्न शैक्षिक/संस्थाहरुमा अध्ययनरत छात्रछात्रा एवं संस्थाहरुलाई सहयोग गरिएको जानकारी गरिन्छ।

| क्र.स. | संस्था | छात्रवृत्ति पाउने छात्र | अध्ययन तह | प्रदान गरिएको रकम |
|---|---|---|---|---|
| १ | म्याग्दी बहुमुखी क्याम्पस राम स्मृतिकोष मार्फत | सोम बहादुर खत्री | स्नातक (वि.वि.एस.) (चौंथो वर्ष) | १५,५००।०० |
| २ | म्याग्दी जेसीस राम स्मृतिकोष मार्फत | म्याग्दी , जेसीस | | ४०,०००।०० |
| ३ | जेष्ठनागरिक आश्रम | बेनी, म्याग्दी | | ५,०००।०० |
| ४ | म्याग्दी जेसीस | वेनी ,म्याग्दी | | ५,०००।०० |
| ५ | सिंगा शिवालय मन्दिर | सिंगा | | ५,००१।०० |
| ६ | समाया सुनार (क्यान्सर पीडित) | वेनी ,म्याग्दी | | ३,००३ ।०० |
| ७ | पार्वती कामी | दरबाङ्ग | वार्षिक अध्ययन शुल्क | १२०००।०० |

सहकारी डिभीजनमा संस्था दर्ता भई म्याग्दी जिल्लाको कार्यक्षेत्र रहनेगरी स्वीकृत प्राप्त संस्था भएतापनि यसले आफ्नो कार्यक्षेत्र विस्तारका गरि पर्वतको जलजला गा.पा. लाई आफ्नो कार्यक्षेत्रको अनुमति प्राप्त गरिसकेको छ । विगतवर्षबाट यो संस्थाले आफ्नो गन्तव्य यहि उद्देश्यलाई अगाडी सारी सोही अनुरुप आफ्ना क्रियाकलापहरुलाई संचालन गर्दै आएको छ। आगामी दिनमा यो संस्थाले यस जिल्लासंग जोडिएका छिमेकी जिल्लाहरुमा आफ्नो सेवा विस्तार गरि सदस्यहरुको पहुंचमा संस्थाको सेवाक्षेत्र विस्तार गर्ने नै मूल लक्ष्य रहेको छ।

**वैठक तथा निर्णयहरु:**

गतवर्ष २०८० मंसिर २४ गतेदेखि पौष १० गतेसम्म साधारण सभा सम्पन्न भएको थियो । मिति २०८०।०४।०१ देखि २०८१।०३।३० सम्ममा सञ्चालक समितिको वैठक संख्या २२ रहेको र सेवाकेन्द्र संचालक उप-समितिको बैठक संख्या दरबाङको १३ पटक, मल्लाजको १४ पटक, तातोपानीको १० पटक, अन्नपूर्णको ११ पटक, वावियाचौरको ११ पटक, धौलागिरी गा.पा.-३, मुनाको ८ पटक गरि जम्मा ८९ वटा वैठक भएको अभिलेखबाट देखिन्छ ।

## समिति तथा उपसमितिहरु:

### सञ्चालक समिति:

| | | | |
|---|---|---|---|
| अध्यक्ष | : श्री अमृतलाल श्रेष्ठ | उपाध्यक्ष | : श्री रामजीप्रसाद सुवेदी |
| सचिव | : श्री चन्द्रकुमार के.सी. | कोषाध्यक्ष | : श्री बमबहादुर पुन |
| सदस्य | : श्री विरेन्द्रमान शाक्य | सदस्य | : श्री कृष्णकुमार शेरचन |
| सदस्य | : श्री हेमन्त थापा | सदस्य | : श्री भिमविक्रम मल्ल |
| सदस्य | : श्री ठकराज बरुवाल | सदस्य | : श्री देवी कुमारी खत्री |
| सदस्य | : श्री अनिता भण्डारी कार्की | सदस्य | : श्री तुलप्रसाद श्रेष्ठ |
| सदस्य | : श्री रविन्द्र कार्की | सदस्य | : श्री अनुषा गौचन |
| सदस्य | : श्री मदन मल्ल | | |

### सल्लाहाकार

नि.अध्यक्ष : श्री लिलाबहादुर बानियाँ

### लेखा सुपरिवेक्षण समिति

| | |
|---|---|
| संयोजक | : श्री गोविन्दप्रसाद पौडेल |
| सदस्य | : श्री टिकाराम शर्मा |
| सदस्य | : श्री मानसिं सापकोटा |

### बेनी शाखा उपसमिति

| | | | |
|---|---|---|---|
| संयोजक | : श्री अमृतलाल श्रेष्ठ | | |
| सदस्य | : श्री रामजीप्रसाद सुवेदी | सदस्य | : श्री चन्द्रकुमार के.सी. |
| सदस्य | : श्री बमबहादुर पुन | सदस्य | : श्री अनिता भण्डारी कार्की |

### मालिका-६, दरबाङ सेवाकेन्द्र उपसमिति

संयोजक: श्री भिमविक्रम मल्ल

| | |
|---|---|
| सदस्य : श्री सीताकुमारी सापकोटा | सदस्य : श्री गोविन्द कँडेल |
| सदस्य : श्री हिराबहादुर पुन | सदस्य: श्री भिमबहादुर बुढा |
| सदस्य : श्री मुक्तिबहादुर पुन | |

## जलजला-३, मल्लाज सेवाकेन्द्र उपसमिति

संयोजक : श्री हेमन्त थापा
सदस्य : श्री बलबहादुर घर्ती क्षेत्री
सदस्य : श्री यामबहादुर घर्ती क्षेत्री
सदस्य : श्री धनकुमारी बरुवाल
सदस्य : श्री झलकबहादुर जि.सी.

## बेनी-४, तातोपानी सेवाकेन्द्र उपसमिति

संयोजक: श्री तुलप्रसाद श्रेष्ठ
सदस्य : श्री नन्दबहादुर बानियाँ
सदस्य : श्री लक्ष्मी खत्री
सदस्य : श्री मिनाकुमारी क्षेत्री खड्का
सदस्य : श्री लक्ष्मी सुवेदी पौडेल
सदस्य : श्री टेकबहादुर श्रेष्ठ
सदस्य : श्री उजेली श्रीस मगर

## अन्नपूर्ण-६, पोखरेबगर सेवाकेन्द्र उपसमिति

संयोजक: श्री ठकराज बरुवाल
सदस्य : श्री खड्क गिरी
सदस्य : श्री गोविन्द थापा
सदस्य : श्री भक्तबहादुर बरुवाल
सदस्य : श्री प्रेमबहादुर बरुवाल
सदस्य : श्री जसबहादुर तिलिजा

## मंगला-२, बाबियाचौर सेवाकेन्द्र उपसमिति

संयोजक : श्री देवीकुमारी खत्री
सदस्य : श्री चित्रराज आचार्य
सदस्य : श्री जीवन कार्की
सदस्य : श्री रणबहादुर जि.सी
सदस्य : श्री गोविन्दप्रसाद सुवेदी
सदस्य : श्री शोभा खत्री
सदस्य : श्री नन्दलाल गिरी

## मालिका-७, धवलागिरी गा.पा. मुना सेवाकेन्द्र उपसमिति

संयोजक: श्री मदन मल्ल
सदस्य : श्री मतिप्रसाद पाइजा
सदस्य : श्री बलबहादुर गर्बुजा
सदस्य : श्री शेरबहादुर मल्ल
सदस्य : श्री तमबहादुर पुन
सदस्य: श्री लालमाया पुन
सदस्य : श्री विष्णुकुमार भण्डारी

## सहकारी संस्था एकीकरण उपसमिति

संयोजक : श्री रामजीप्रसाद सुवेदी
सदस्य : श्री अमृतलाल श्रेष्ठ
सदस्य : श्री चन्द्रकुमार के.सी.
सदस्य : श्री हेमन्त थापा
सदस्य : श्री सन्तोष रावल
सदस्य : श्री ईश्वर गिरी

## शिक्षा उपसमिति

संयोजक : श्री चन्द्रकुमार के.सी.
सदस्य : श्री गोविन्दप्रसाद पौडेल सदस्य : श्री ठकराज बरुवाल

## नीति नियम तथा कार्यविधि निर्माण उपसमिति

संयोजकः श्री रामजीप्रसाद सुवेदी
सदस्य : श्री चन्द्रकुमार के.सी सदस्य : श्री गोविन्दप्रसाद पौडेल
सदस्य : श्री ठकराज बरुवाल सदस्य : श्री हेमन्त थापा
सदस्य : श्री हिरादेवी उपाध्याय

## सूचना प्रविधि अध्ययन उपसमिति

संयोजकः श्री हेमन्त थापा
सदस्य : श्री अनिल के.सी. सदस्य : श्री मिनलकुमार श्रेष्ठ
सदस्य : श्री हिरादेवी उपाध्याय

## प्रोवेसन कार्यदल

संयोजकः श्री हेमन्त थापा सदस्य : श्री चन्द्र कुमार के.सी.
सदस्य : श्री ठकराज बरुवाल सदस्य : श्री हरि प्रसाद पौडैल
सदस्य : श्री सन्तोष शर्मा सदस्य : श्री दुर्गा के.सी.
सदस्य : श्री सर्मिला पौडेल सदस्य : श्री सुमन थापा

## ऋण असुली विशेष कार्यदल

संयोजक : श्री चन्द्रकुमार के.सी
सदस्य : श्री भिमविक्रम मल्ल सदस्य : श्री हेमन्त थापा
सदस्य : श्री तुलप्रसाद श्रेष्ठ सदस्य : श्री ठकराज बरुवाल
सदस्य : श्री देवी कुमारी खत्री

## ऋण लगानी उपसमिति

संयोजकः श्री बमवहादुर पुन
सदस्यः श्री रामजीप्रसाद सुवेदी सदस्यः श्री चन्द्रकुमार के.सी.

## वित्तीय अवस्था

यस संस्थाको यस आ.व.को कारोवारलाई हेर्दा गतवर्षको तुलनामा निम्नानुसार परिवर्तन भएको देखिन्छ।

| शिर्षक | यस वर्षको रकम | गतवर्षको रकम | थपघट | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| शेयर पूंजी | ८५,०५७,७००.०० | ८३,९८८,५००.०० | १,०६९,२००.०० | १.२६ | |
| निक्षेप बचत | ५८५,०६९,६८०.०० | ५५०,८०१,९०५.०० | ३४,२६७,७७५.०० | ५.८६ | |
| कर्जा लगानी | ५०६,९६०,०८७.०० | ६०८,९३९,१७९.०० | (१०१,९७९,०९२.००) | (२०.१२) | |
| जगेडा कोष | ३३,८७८,८८५.०० | ३१,४३३,१५२.०० | २,४४५,७३३.०० | ७.२२ | |
| कूल आम्दानी | ८३,९०७,४७६.०० | १०९,४५४,७९३.०० | (२५,५४७,३१७.००) | (३०.४५) | |
| कूल खर्च | ८६,७२१,१४०.०० | ९६,८३३,४५७.०० | (१०,११२,३१७.००) | (११.६६) | |
| मुनाफा | १८६,३३५.०० | १२,६२१,१५४.०० | (१२,४३४,८१९.००) | (६६.७३) | |
| सम्पत्ति | ५,४८७,७२५.०० | ६,५४०,५०६.०० | (१,०५२,७८१.००) | (१९.१८) | |

### संस्था एकीकरण सम्बन्धि कार्य

यस बर्ष एकीकरणका लागि बे.न.पा.-९, म्याग्दी, १ वटा सहकारी संग एकिकरणको लागि सुरुआती चरणको छलफलको कार्यक्रम भएको छ तर हालको परिस्थीतिको कारण नेपाल सरकारबाट सहकारी एकिकरणमा रोक लगाएको कारणले यो अभियानले यस बर्ष पनि मूर्तता पाउन सकेको छैन। हाम्रो यो एकीकरण अभियान हाम्रो योजना मुताबिक इच्छा महिला बचत तथा ऋण सहकारी संस्था लि. बेनी न.पा. ९, संग एकिकरण गर्ने अभियान अन्तिम चरणमा पुगेको छ र कार्यक्षेत्र मुस्ताङ, म्याग्दी, पर्वत र कास्की जिल्ला राख्ने प्रक्रियाका लागि पहल भै रहेकोछ। एकिकरण प्रक्रिया अन्तिम चरणमा रहेको बे.न.पा.-९, म्याग्दी इच्छा महिला बचत तथा ऋण सहकारी संस्थासंग एकिकरणका लागि यस सभामा अनुमोदनकालागि प्रस्ताव गरिएको छ।

### बिनियम तथा नीति नियम सम्बन्धी कार्य :-

संस्थामा रहेका विनियम तथा नीति कार्यविधिहरु :

**क) संस्थाको बिनियम २०५६ पूनर्लिखित बिनियम २०७६**

**ख) कार्यविधि (नीति, नियम) हरु:-**

१) ऋण व्यवस्थापन कार्यविधि (नीति) २०७६

२) बचत कार्यविधि (नीति) २०७६

३) मानव संशाधन कार्यविधि (नीति) (कर्मचारी प्रशासन)

४) सामाजिक क्षेत्र सहयोग कार्यबिधी २०७६

५) आर्थिक प्रशासन कार्यविधि (नीति) २०७६

६) सहकारी आचार संहिता कार्यविधि (नीति) २०७६
७) गल्ती व्यबस्थापन/जोखीम व्यबस्थापन कार्यविधि (नीति) २०७६
८) सम्पत्ति शुद्धिकरण तथा जोखिम व्यबस्थापन कार्यविधि (नीति) २०७६
९) सुशासन कार्यविधि (नीति) २०७६
१०) निर्वाचन निर्देशिका २०७६
११) कागजात धुल्याउने कार्यविधि (नीति) २०७८
१२) कोष व्यवस्थापन तथा परिचालन कार्यविधि २०७८
१३) सदस्य सेवा कार्यविधी २०८०
१४) संस्था सञ्चालन कार्यविधि २०८०
१५) सेवाकेन्द्र सञ्चालन कार्यविधि २०८०
१६) भल्ट व्यवस्थापन कार्यविधि २०८०

## आ.व.२०८०/०८१को कार्यक्रम योजना तथा बजेट

| सं.नं. | कार्य विवरण | मिति | जिम्मेवारी | संभावित लागत | कैफियत |
|---|---|---|---|---|---|
| क) संस्थाको नियमित कार्यक्रम | | | | | |
| १ | संस्थाको स्थापना दिवस | ०८१ चैत्र ०९ | संचालक समिति | ३६,०००.०० | ७ सेवाकेन्द्र<br>२ उप केन्द्र |
| २ | सहकारी दिवस कार्यक्रम | ०८१ चैत्र २० गते | संचालक समिति | १०,०००.०० | १ |
| ३ | बार्षिक बजेट तर्जुमा | ०८२ असार मसान्त | संचालक समिति | १०,०००.०० | २ |
| ४ | समयानूकूल नीति नियम परिमार्जन | ०८२ असार मसान्त | संचालक समिति | १०,०००.०० | २ |
| ५ | सहकारी शिक्षा तथा वित्तिय साक्षरता | हरेक महिना | शिक्षा,सेवाकेन्द्र उपसमिति | २२५,०००.०० | १ |
| जम्मा | | | | २९१००० | |
| ख) तालिम कार्यक्रम | | | | | |
| १ | संचालक विकास तालिम | ०८१ पौष मसान्त सम्म | संचालक समिति | १००,०००.०० | दुई वटा |
| २ | व्यवस्थापकको नेतृत्व विकाश तालिम | ०८१ पौष मसान्त | मुख्य व्यवस्थापक | ५०,०००.०० | दुई दिन |
| ३ | कर्मचारी क्षमता अभिवृद्धी तथा पूनर्ताजकी कार्यक्रममा तथा तालिम | ०८१ माघ मसान्त | सम्पूर्ण कर्मचारी | ६०,०००.०० | ३ दिन |
| जम्मा | | | | २,१०,०००.०० | |

| ग) कार्यक्रम तथा गोष्ठी | | | | | |
|---|---|---|---|---|---|
| १ | सम्बन्धीत निकायसंग अन्तरक्रिया कार्यक्रम | ०८१ चैत्र मसान्त | शिक्षा उपसमिति | २५,०००.०० | १ |
| २ | अन्य कार्यक्रम | माग बमोजिम | संचालक समिति | ३०,०००.०० | १ दिन |
| ३ | सदस्यता अभिमुखिकरण कार्यक्रम | ०८२ जेष्ठ मसान्त | सदस्यता उपसमिति | १०५,०००.०० | १ |
| | जम्मा | | | १६०,०००.०० | ५प्र.सदस्य |
| | जम्मा कार्यक्रम खर्च | | | ६६१,०००.०० | - |

**तालिम गोष्ठी :-**

सहकारी प्रबर्द्धन तथा बिकासका लागि यस आ.ब.मा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.को प्राबिधिक सहयोगमा ऋण व्यवस्थापन तालिम, शिखर सम्मेलन गोष्ठीमा सहभागी लगायतका तालिममा  सम्पन्न गरिएको छ। प्रोबेशन कार्यक्रम अन्तर्गतका ३ महिने कार्यशाला गोष्ठीमा संचालक तथा व्यबस्थापक तिन पटक नै नियमित सहभागी भएका छौं। संस्थाका सदस्यहरुलाई सहकारी शिक्षा तालिम संचालन गरिएको छ।

**ब्राञ्च तथा सेवाकेन्द्रहरूको वित्तीय गतिबिधी :-**

| क्र.सं. | सेवाकेन्द्रहरु | बचत | ऋण लगानी | तरलता मौज्दात | कर्मचारी सं. |
|---|---|---|---|---|---|
| १ | मुख्य कार्यालय बेनी | ३४,८१,५२,७८४.२५ | २८,३८,८८,४९१.९८ | १४,७४,३६,२१८.०६ | १३ जना |
| २ | दरबाङ | ४,०१,४०,५४५.२१ | ३,८९,४७,२९२.१७ | ६९,७६,३१४.९८ | ५ जना |
| ३ | मल्लाज | ७४७४१५६२.९८ | ६९८८५८५४.१६ | २२१०९९७७.८० | ५ जना |
| ४ | तातोपानी | ३८७४६२४८.८३ | ६४१४९२२५.९६ | १११२५३२९.१८ | ५ जना |
| ५ | अन्नपूर्ण | ३७०६८८५७.८२ | २३३२८९८२.२७ | ९७१७०२१.६८ | ५ जना |
| ६ | बाबियाचौर | ३६१४७३३२.४५ | १९४०२६०१.०६ | १०६७३५४९.६५ | ३ जना |
| ७ | धौलागिरि गा.पा. मुना | १००७२३४८.५० | ७३५७६४०.१७ | ११५८२९७१.५१ | २ जना |
| | कुल जम्मा | ५८५०६९६८०.०४ | ५०६९६००८७.७७ | २१९३२१३८३.३७ | ३८ जना |

**आगामी कार्यक्रम तथा सभामा प्रस्तुत प्रस्तावहरू**

१. संचालक समितिका सचिवद्धारा  प्रस्तुत ०८०/०८१ को प्रगती प्रतिवेदन तथा आ.व. ०८१/०८२ को निति तथा कार्यकमहरुको सम्बन्धमा।

२. संचालक समितिका कोषाध्यक्षद्धारा प्रस्तुत ०८०/०८१ को आर्थिक प्रतिवेदन तथा आ.व. ०८१/०८२ लागि प्रस्ताबित बजेट पारित गर्ने कार्यक्रमहरुको  सम्बन्धमा।

३. २०८०/०८१ को लागि लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत र पारित सम्वन्धमा।

४. आगामी आ.व. ०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्वन्धमा।

५. लाभांश, संरक्षित पूंजी फिर्ताकोष, कर्मचारी बोनस वितरण सम्वन्धमा ।
६. सहकारी एकिकरण तथा सेवाकेन्द्र बिस्तार, कार्यक्षेत्र थप गर्ने सम्वन्धमा ।
७. निति तथा कार्यविधि परिमार्जन, संसोधन तथा पारित सम्वन्धमा ।
८. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्वन्धमा ।
९. एकाई प्रतिनिधि  छनौट सम्वन्धमा ।
१०.संचालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
११.निस्क्रिय शेयर सदस्य सम्वन्धमा ।
१२.गैरबैंकिङ्ग सम्पत्ती अन्तरगत घर जग्गा बिक्री सम्वन्धमा ।
१३.विशेष प्रस्ताव सम्बन्धमा

अन्त्यमा आ.व. ०८०/०८१ को लेखापरीक्षक विवेक श्रेष्ठ एण्ड एशोसिएटस् चार्टर्ड एकाउन्टेन्ट्स पोखरा, कास्कीलाई धन्यवाद सहित आफ्नो अत्यन्त मूल्यवान समयलाई थाती राख्दै यस कार्यक्रमको शोभा वृद्धि गरिदिनुभएकोमा अतिथीज्यूहरु, पत्रकारज्यूहरु, शेयरसदस्य ज्यूहरु, कर्मचारी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक आभार तथा धन्यवाद ब्यक्त गर्दछु । प्रतिवेदनमा प्रस्तुत प्रस्तावहरु सम्बन्धमा बन्दसत्रमा छलफल सहित उचित निर्णयमा पुग्ने विश्वासका साथ अहिलेलाई विदा माग्दछु ।

जय सहकारी । जय धौलागिरी ॥

२०८१ मंसिर २८ गते ।

.....................

चन्द्र कुमार के.सी.
सचिब

# न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.को २५औं वार्षिक साधारण सभामा कोषाध्यक्ष बम बहादुर पुनद्वारा प्रस्तुत आ.व. ०८०/०८१ को यथार्थ र आ.व. ०८१/०८२ को अनुमानित आयव्यय प्रतिवेदन

यस गरिमामय २५औं बार्षिक साधारणसभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सञ्चालक समितिका साथिहरु, सेवाकेन्द्र सञ्चालक समितिका साथीहरु, सम्पुर्ण शेयर सदस्य ज्यूहरु, बरिष्ठ ब्यवस्थापक ज्यु, ब्यवस्थापक ज्युहरु, सम्पुर्ण कर्मचारी मित्रहरु ।

म्याग्दी जिल्लामा अढाइ दशक लामो इतिहास रहेको यस संस्थाको गरिमामय २५औं वार्षिक साधारण सभामा संस्थाको कोषाध्यक्षको हैसियतले कोषाध्यक्षको प्रतिबेदन पेश गर्न पाउँदा खुसी व्यक्त गर्दछु । हामी सँग सदस्यहरुको शेयर, निक्षेप र संस्थागत बिभिन्न कोषको रकम गरी जम्मा रु.७५,३१,७५,५५५।४० छ भने लगानी तर्फ रु ५०,६९,६०,०८७।७७ रहेको छ । विगत वर्ष भन्दा यसवर्ष कारोवार रकम सबै क्षेत्रमा घटिरहेको अवस्थामा यस संस्थाको बचत तथा लगानीमा पनि केही असर परेको कारण बचत संकलनमा कमी आउनु तथा लगानीमा रहेको ऋण पर्ल्सको नियमानुसार अशुलीहुन नसक्नु जस्ता कारणबाट ऋण उठ्न बाकी र प्राप्त हुनपर्ने ब्याज धेरै रहेको कारण यस बर्ष लाभांश बितरण गर्न सक्ने गरि आय आर्जन प्राप्त गर्न असक्षम रहेका छौं । सहकारीले आगामी दिनहरुमा संस्थाको ऋण निति र ऐन कानुन अनुसार ऋण लिदाको बखत गरेको सम्झौता अनुसार ऋण भुक्तानी नगरी संस्थामा असर पार्ने सदस्यहरुको ऋण उठाउन हदसम्मको पहल गर्ने र कानुनी प्रकृया अपनाई नियमानुसार धितो लिलाम गरि ऋण असुली गर्ने र थप बचत तथा ऋण लगानीका अन्य सम्भावित क्षेत्रहरु पहिचान गरी सहकारी को सदस्यज्यूहरुलाई उद्यम, व्यबसायहरु संचालन गरी शेयर सदस्यहरुलाई क्रियाशिल गराई बजारीकरण गरि नमूना सहकारीको रुपमा स्थापित गराउनु पर्ने आवश्यकता रहेको छ । यसका लागि प्रस्ताब तयार र बिस्तृत अध्ययन गरी कार्यक्रम तर्जुमा गर्न आवश्यक छ । यसरी संस्थालाई बर्तमान अबस्था सम्म ल्याई पुऱ्याउन योगदान दिनुहुने बर्तमान तथा पूर्ब सञ्चालक पदाधिकारी तथा सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु तथा कर्मचारी मित्रहरु लगायत सम्पुर्णमा आभार प्रकट गर्दै यहाँहरु समक्ष आ.व. २०८१/०८२ को अनुमानित आयव्यय विवरण र २०८०/०८१ को यथार्थ आर्थिक प्रतिवेदन एवं यस वर्षका लेखापरिक्षक विवेक श्रेष्ठ एण्ड एशोसिएटस् चार्टर्ड एकाउन्टेन्ट्स पोखरा, कास्कीले तयार पारेको प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जय सहकारी !

२०८१ मंसिर २८ गते ।

..................

बम बहादुर पुन

कोषाध्यक्ष

# न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.

## बेनी न.पा.-८, म्याग्दी

## आ.व. २०८०।०८१ को यथार्थ र आ.व. २०८१/०८२ को अनुमानित आय विवरण

| विवरण | गत बर्षको | यस बर्षको अनुमान | यस बर्षको यर्थाथ | अनुमानित |
|---|---|---|---|---|
| ऋणबाट ब्याज आम्दानी | ९४,३१६,७०३ | ९८,६८२,०५४ | ७३,०७४,६३७ | ८७,२९४,०१३.०५ |
| बैकबाट ब्याज | ७,०९०,०५४ | ८,५८७,०८२ | ८,१६७,००१ | ४,५००,०००.०० |
| ऋण व्यवस्थापन शुल्क | २,५६६,८०६ | ३,४५३,८३८ | १,४३५,९४५ | १,१००,०००.०० |
| सदस्यता र प्रवेश शुल्क | ८८,३०० | ३२०,२०० | ५५,९०० | ६०,०००.०० |
| शेयर लगानीमा लाभांस | १,३२७,६३७ | १,०४३,२७६ | ३४,२८७ | ६५०,००० |
| बिलम्ब शुल्क | २,५५५,८५३ | ० | २,९६९,२८७ | २,३००,०००.०० |
| रेमिटयान्स | १,१९९,४९३ | १,१४४,४५२ | ९०७,८३५ | ८००,०००.०० |
| अन्य आम्दानी | ३०९,९४७ | १८०,००० | २६२,५८४ | ४००,०००.०० |
| जम्मा | १०९,४५४,७९३ | ११३,४१०,९०२ | ८६,९०७,४७६ | ९७,१०४,०१३।०५ |
| **खर्च** | | | | |
| **विवरण** | **गत बर्षको** | **यस बर्षको अनुमान** | **यस बर्षको यर्थाथ** | **अनुमानित** |
| ब्याज खर्च बचत | ७१,७८९,२६५ | ७२,५०५,११३ | ६३,१७६,५८२ | ५६,१८३,०६७ |
| ब्याज खर्च बाहय ऋण | ३,२०६,३७७ | ३,१८५,००० | - | - |
| कर्मचारी खर्च | १०,२५४,९५५ | १०,७५५,६४३ | ११,०९५,६३५ | ११,६५०,००० |
| का.स.खर्च | ९,१८१,३३४ | १०,२४९,९४४ | ९,७४४,१०४ | ९,४०५,४८१ |
| सहकारी कार्यक्रम खर्च | १७५,११५ | ८६३,००० | ५८,६५० | ६६१,००० |
| ऋण सुरक्षण कोष | | | - | ६,५६९,६०१ |
| कुल नाफा | - | १०,३३७,४२६ | ४,४३५,११५ | १२,६३४,८६४ |
| **जम्मा** | ९४,६०७,०४६ | १०७,८९६,१२६ | ८८,५१०,०८६ | ९७,१०४,०१३ |

**कार्यालय संचालन खर्च**

| विवरण | गत बर्षको | यस बर्षको अनुमान | यस बर्षको यर्थाथ | अनुमानित |
|---|---|---|---|---|
| कर्मचारी खर्च | १०,२५४,९५५ | १०,७५५,६४३ | ११,०९५,६३५ | ११,६५०,००० |
| कर्मचारी तलव | ७,७१३,७०१ | ८,१५०,१७२ | ८,३२४,४८५ | ८,५००,००० |
| कर्मचारी संचयकोष योगदान | ४१८,५०३ | ४४४,६०० | ४७७,८०० | ५००,००० |

| | | | | |
|---|---|---|---|---|
| कर्मचारी पोशाक | १०९,८४० | ३९०,००० | ३३३,६५० | २००,००० |
| कर्मचारी खाजा खर्च | ४४०,१७२ | ५८५,००० | ५१९,८२४ | ७००,००० |
| कर्मचारी दशै खर्च | ५२८,४७७ | ५९१,२७१ | ५८८,७९१ | ६००,००० |
| उपदान कोष खर्च | ८२९,०५५ | ४४४,६०० | ८५१,०८५ | १,०००,००० |
| संचित विदा खर्च | २१५,२०७ | १५०,००० | | १५०,००० |
| कार्यालय सञ्चालन खर्च | ९,१८१,३३४ | १०,२४९,९४४ | ९,७४४,१०४ | ९,४०५,४८१ |
| घरभाडा | १,९२५,७१५ | १,७४०,००० | २,१५७,५५४ | १,९७०,००० |
| पत्रपत्रिका खर्च | १०,४१५ | १५,००० | १,१७५ | १५,००० |
| सदस्यता तथा नविकरण शूल्क | ८२,९८९ | १३०,००० | १२६,८३८ | १३०,००० |
| बैठक भत्ता | २८३,९३३ | ६६१,३०० | ४१८,२६० | ६६१,३०० |
| ह्रास खर्च | १,५८५,१९८ | २,१४९,२४४ | १,५२०,८४८ | १,३९३,१८१ |
| यातायात तथा इनधन खर्च | ५९२,८१४ | ५००,००० | ४५४,४१३ | ५००,००० |
| बैंक चार्ज खर्च | ७,७३७ | १०,००० | ११५,५४७ | १०,००० |
| लेखापरीक्षण शूल्क खर्च | २२६,००० | २००,००० | २२६,००० | २२६,००० |
| बीमा खर्च | ३५०,१८८ | ३५०,००० | ३३०,४८८ | ३५०,००० |
| मसलन्द तथा छपाई खर्च | ६६५,५७८ | ५७५,००० | ५९५,५९५ | ६००,००० |
| प्रबर्धन खर्च | ६२,३०० | १००,००० | १६,७५५ | ५०,००० |
| विद्यूत तथा पानी | १०७,०४१ | १००,००० | २२७,०९८ | २५०,००० |
| टेलिफोन संचार महशूल | ३१६,२३० | ४००,००० | २८९,२४५ | २५०,००० |
| मर्मत सम्भार खर्च | २६४,६९६ | २७०,००० | २४१,१४० | २७०,००० |
| विज्ञापन तथा सुचना खर्च | ३७,४१५ | ५०,००० | ५३,०५८ | ५०,००० |
| अतिथि सत्कार खर्च | ४७२,०५३ | ४००,००० | ४१३,८७० | ४००,००० |
| अध्यक्ष तथा संयोजक भत्ता | ३६०,००० | ४०८,००० | ३६०,००० | ३६०,००० |
| प्राबिधिक सेवा खर्च | २९६,०९९ | ५००,००० | २१०,१७९ | २५०,००० |
| एस.एम.एस. सेवा खर्च | ६०,००० | १००,००० | ५३,३९८ | ६०,००० |
| विविध खर्च | ३४१,१८५ | २००,००० | ६५६,६९२ | ३००,००० |
| इन्टरनेट खर्च | १२९,७०० | - | १०९,९३६ | ११०,००० |
| साधारण सभा खर्च | १,००४,०४८ | १,३९१,४०० | १,१६६,०१५ | १,२००,००० |
| **जम्मा** | १९,४३६,२८९ | २१,००५,५८७ | २०,८३९,७३९ | २१,०५५,४८१ |

Bibek Shrestha & Associates
(Chartered Accountants)

## श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### बेनी नगरपालिका ८, म्याग्दीका शेयरधनि महानुभावहरुमा
### आर्थिक वर्ष २०८०।८१ को स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन

हामीले यसै साथ संलग्न श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बेनी नगरपालिका ८, म्याग्दी को ३१ आषाढ २०८१ को वित्तिय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

१. हाम्रो राय :

संलग्न वित्तिय विवरणाहरु भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले जारि गरेको सहकारी क्षेत्रको वित्तिय प्रतिवेदन प्रारुप (लेखा निति, लेखा सुचि र लेखा मापदण्ड, २०७६) बमोजिम तयार गरिएको छ ।

प्रस्तुत वित्तिय विवरणहरु नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तिय प्रतिवेदनमान अनुरुप वित्तिय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको आवश्यकता पर्दछ । नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप वित्तिय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

उल्लेखित विषयवस्तुको कारण, हामीले नेपाल वित्तिय प्रतिवेदनमान अनुसारको वित्तिय विवरणहरु उपर राय व्यक्त गर्नको लागी पर्याप्त एवं उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त गर्न सकेनौं । त्यसकारण नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप तयार नभएको वित्तिय विवरणहरु उपर हामीले राय दिइएको छैन ।

**संस्थाले भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागले तोके बमोजिम कर्जा नोक्सानीको व्यवस्था नगर्दा यस वित्तीय प्रतिवेदनमा प्रस्तुत भएको नाफामा रु ९६,५०२,६४६.७६ ले बढी प्रस्तुत हुन जाने देखिन्छ ।** साथै यस प्रतिवेदन बाहेक हामीले छुट्टै प्रारम्भिक प्रतिवेदन पनि जारी गरेका छौ जसमा अन्य कैफियतहरु पनि बिस्तृत रुपमा उल्लेख गरिएको छ।

**२. रायको आधार :**

संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्क अन्य नैतिक जिम्मेबारीहरु पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**३. वित्तिय विवरणप्रति व्यावस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व :**

वित्तिय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तिय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको

New Road, Pokhara | email: cabibekshrestha@gmail.com | Contact: 9801050305

तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य , सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् वित्तिय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापनमा रहने छ । संस्थाको वित्तिय प्रतिवेदन प्रकृया सम्बन्धि जिम्मेवारी शासकीय व्यवस्था बहन गर्नेको अख्तियारीमा रहेको हुन्छ ।

**४. वित्तिय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो उद्धेश्य समग्र वित्तिय विवरणहरु जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तिय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटिहरुको भैतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भरपर्दछ ।

**५. अन्य कानूनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन :**

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

**(क)** हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

**(ख)** हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित आषाढ ३१, २०८१ को संस्थाको वासलात, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाहको विवरण, स्वामित्व अशंमा भएको परिवर्तन विवरण, लेखा सम्बन्धी विवरण र संलग्न अनुसूचीहरु अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाव किताब, वहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

**(ग)** संस्थाले सहकारी विभागको निर्देशन अनुसार व्याज आम्दानी नगद प्राप्तिको आधारमा लेखाकंन गरेको छ ।

**(घ)** हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम् संस्थाको खाताहरु परीक्षण गर्दा संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधिहरु वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ती हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

**(ङ)** संस्थाले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

**(च)** संस्थाले आ. व. २०८०.८१ मा कर्जा अपलेखन गरेको देखिएन ।

**(छ)** संस्थाले सदस्यहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

**(ज)** संस्थाले लेखा सम्बन्धी कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

**विबेक श्रेष्ठ, एफ. सि. ए.**
**निमित्त,**
**विबेक श्रेष्ठ एण्ड एसोसियट्स**
**चार्टड एकाउन्टेन्ट्स**

Bibek Shrestha & Associates • Pokhara

**मिति : २०८१.०८.०७**
**स्थान: पोखरा, कास्की**

UDIN Number:241203CA00882YCcFn

## श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बेनी नगरपालिका ८, म्याग्दी

### वित्तिय स्थितिको विवरण (वासलात)

२०८१ साल आषाढ मसान्तको

| विवरण | टिप्पणी | २०८१ आषाढ ३१ (रु) | २०८० आषाढ ३१ (रु) |
|---|---|---|---|
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४ | ८५,०५७,७००.०० | ८३,९८८,५००.०० |
| कोष हिसाब | ५ | ३३,९००,२५७.३९ | ४०,४०३,२३१.९४ |
| **जम्मा पूँजी** | | ११८,९५७,९५७.३९ | १२४,३९१,७३१.९४ |
| **दायित्व** | | | |
| बाह्य ऋण तथा सापटी | ६ | - | ३५,०००,०००.०० |
| बचत तथा निक्षेप | ७ | ५८५,०६९,६८०.०४ | ५५०,८०१,९०५.७२ |
| कर्जा नोक्सानी व्यवस्था | ८ | १८,५२०,५९२.३० | १८,३५३,४१२.८० |
| व्यापारीक तथा अन्य दायित्व | ९ | २९,७९१,४४०.७६ | ४१,९५९,५११.४४ |
| आयकर दायित्व | १० | १४२,०६३.६६ | ६२०,२६९.४७ |
| स्थगन कर दायित्व | १० | ६१,६६७.६७ | ४५,८९१.८१ |
| मुल्तवी पट्टा भाडा | | ६३२,१५३.५९ | ४७६,६३८.८० |
| **जम्मा दायित्वहरु** | | ६३४,२१७,५९८.०२ | ६४७,२५७,६३०.०४ |
| **कुल जम्मा पूँजी तथा दायित्व** | | ७५३,१७५,५५५.४० | ७७१,६४९,३६१.९८ |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद तथा नगद सरह | ११ | १५९,३२१,३८३.३७ | १२७,३९२,५७३.७२ |
| मसलन्द मौज्दात | १२ | ३२३,११४.८७ | ३३२,६२१.२५ |
| अन्य सम्पत्तिहरु(अग्रिम भुक्तानी तथा धरौटी) | १३ | ११,१४४,६२९.८६ | १८,४६४,२००.९३ |
| कर्जा लगानी हिसाब | १४ | ५०६,९६०,०८७.७७ | ६०८,९३९,१७९.७९ |
| अन्य लगानी हिसाब | १५ | ६८,०३५,२००.०० | ८,०२५,२००.०० |
| स्थिर सम्पत्ति | १६ | ५,४८७,७२५.७० | ६,५४०,५०६.३४ |
| अभौतिक सम्पत्ती | १७ | १०३,४१३.८३ | १५५,०७९.९४ |
| गैर व्यवसायीक सम्पत्ती | | १,८००,०००.०० | १,८००,०००.०० |
| **कुल जम्मा सम्पत्ति तथा जायजेथा** | | ७५३,१७५,५५५.४० | ७७१,६४९,३६१.९८ |
| प्रमुख लेखानीति तथा टिप्पणी | १-२३ | | |

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार ।

नि. विवेक श्रेष्ठ एण्ड एसोसिएट्स

चार्टर्ड एकाउन्टेन्ट्स

हरि प्रसाद पौडेल
वरिष्ठ व्यवस्थापक

गोविन्द प्रसाद पौडेल
ले. स. संयोजक

चन्द्र कुमार के. सि.
सचिव

बम बहादुर पुन
कोषाध्यक्ष

अमृतलाल श्रेष्ठ
अध्यक्ष

बिबेक श्रेष्ठ, एफ्. सि. ए.
प्रोप्राइटर

**श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**बेनी नगरपालिका ८, म्याग्दी**

**नाफा/नोक्सान हिसाबको विवरण**

२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको

| विवरण | टिप्पणी | २०८१ आषाढ ३१ (रु) | २०८० आषाढ ३१ (रु) |
|---|---|---|---|
| ब्याज आम्दानी | १८ | ८१,२४१,६३९.३४ | १०१,४०६,७५७.७४ |
| ब्याज खर्च | १९ | ६३,१७६,५८२.४८ | ७१,७८९,२६५.०८ |
| **खुद ब्याज आम्दानी** | | **१८,०६५,०५६.८६** | **२९,६१७,४९२.६६** |
| अन्य सञ्चालन आम्दानी | १८ | ५,६६५,८३६.८१ | ८,०४८,०३५.७४ |
| **कुल संचालन आम्दानी** | | **२३,७३०,८९३.६७** | **३७,६६५,५२८.४०** |
| कर्मचारी खर्च | २० | १०,२४२,१६१.३६ | ९,७०४,९४३.५९ |
| कार्यालय संचालन खर्च | २१ | ७,३६४,७२३.१५ | ६,८४२,५१२.१२ |
| अन्य खर्च | २२ | १,७७०,६६३.१० | १,४७८,७५७.८८ |
| कर्जा नोक्सानी व्यवस्था | ८ | १६७,१७९.५० | २,१९१,७४३.०७ |
| **ह्रास र वित्तिय खर्च अघिको संचालन मूनाफा** | | **४,१८६,१६६.५६** | **१७,४४७,५७१.७४** |
| ह्रासकट्टी खर्च | १६ | १,५२०,८४८.९३ | १,५८५,१९८.२३ |
| परिसोधन खर्च | १७ | ५१,६६६.११ | ३४,८४१.६७ |
| वित्तिय खर्च | २३ | २,४२७,३१६.२१ | ३,२०६,३७७.७६ |
| **संचालन मूनाफा** | | **१८६,३३५.३०** | **१२,६२१,१५४.०९** |
| घर जग्गा कोषको लागी संकलन | | | १९९,५००.०० |
| **आयकर कट्टी गर्नू अघिको मूनाफा** | | **१८६,३३५.३०** | **१२,८२०,६५४.०९** |
| यस वर्षको आयकर ब्यवस्था | १० | १४२,०६४ | ६२०,२६९.४७ |
| विगत वर्षको कर रकम | | | - |
| स्थगन कर खर्च/(आम्दानी) | | १५,७७६ | ४०,७७८.६५ |
| **यस वर्षको मुनाफा** | | **२८,४९५.७९** | **१२,१५९,६०५.९७** |
| घर जग्गा कोष | | | १९९,५००.०० |
| **यस वर्षको खुद मुनाफा नाफा नोक्सान बाँडफाँड हिसावमा सारिएको** | | **२८,४९५.७९** | **११,९६०,१०५.९७** |
| प्रमुख लेखानीति तथा टिप्पणी | १-२३ | | |

हरि प्रसाद पौडेल
वरिष्ठ व्यवस्थापक

गोविन्द प्रसाद पौडेल
ले. स. संयोजक

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार ।
नि. विवेक श्रेष्ठ एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

चन्द्र कुमार के. सि.
सचिव

वम बहादुर पुन
कोषाध्यक्ष

अमृतलाल श्रेष्ठ
अध्यक्ष

विवेक श्रेष्ठ, एफ. सि. ए.
प्रोप्राइटर

# श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बेनी नगरपालिका ८, म्याग्दी

## नगद प्रवाह विवरण

२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको

| विवरण | २०८१ आषाढ ३१ (रु) | २०८० आषाढ ३१ (रु) |
|---|---|---|
| **कारोबार सञ्चालनबाट भएको नगद प्रवाह** | | |
| आयकर व्यवस्था पछिको खुद नाफा | २८,४९५.७९ | ११,९६०,१०५.९७ |
| ह्रासकट्टि खर्च | १,५७२,५१५.०५ | १,६२०,०३९.८९ |
| | १,६०१,०१०.८३ | १३,५८०,१४५.८६ |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | | |
| सदस्यबाट निक्षेपमा वृद्धि/(कमि) | ३४,२६७,७७४.३२ | (१४८,९४८,७५९.६४) |
| अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि) | (१२,४७४,९८५.८४) | (२८३,९३०.५९) |
| सदस्यलाई दिएको कर्जा सापटीमा (वृद्धि)/कमि | १०१,९७९,०९२.०२ | १२७,०६७,०४८.२८ |
| अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि | ७,३२९,०७७.४५ | (७,४६१,०७३.६०) |
| ऋण नोक्सानी कोष व्यवस्था वृद्धि/(कमि) | १६७,१७९.५० | १,८४६,९६८.०७ |
| **कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)** | १३२,८६९,१४८.२८ | (१४,१९९,६०१.६१) |
| **लगानीबाट भएको नगद प्रवाह** | | |
| लगानीमा कमी/(वृद्धि) | (६०,०१०,०००.००) | - |
| स्थिर सम्पत्ति (खरिद)/बिक्री | (४६८,०६८.२९) | (८२४,२३९.९८) |
| **लगानीबाट खुद नगद प्रवाह (ख)** | (६०,४७८,०६८.२९) | (८२४,२३९.९८) |
| **वित्तिय कारोबारबाट भएको नगद प्रवाह** | | |
| शेयर पूँजीमा वृद्धि | १,०६९,२००.०० | १,६५४,१००.०० |
| बाह्य ऋण तथा सापटीमा वृद्धि/(कमि) | (३५,०००,०००.००) | (१३,०००,०००.००) |
| कोषहरुका वितरण समायोजन | (६,५३१,४७०.३४) | (७,२७९,१७८.२६) |
| **वित्तिय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)** | (४०,४६२,२७०.३४) | (१८,६२५,०७८.२६) |
| **यस अवधिको खुद नगद प्रवाह ( क+ख+ग )** | ३१,९२८,८०९.६५ | (३३,६४८,९१९.८६) |
| नगद तथा बैंकको शुरुवाती मौज्दात | १२७,३९२,५७३.७२ | १६१,०४१,४९३.५८ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | १५९,३२१,३८३.३७ | १२७,३९२,५७३.७२ |

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार ।
नि. विवेक श्रेष्ठ एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

हरि प्रसाद पौडेल
वरिष्ठ व्यवस्थापक

गोविन्द प्रसाद पौडेल
ले. स. संयोजक

चन्द्र कुमार के. सि.
सचिव

बम बहादुर पुन
कोषाध्यक्ष

अमृतलाल श्रेष्ठ
अध्यक्ष

विवेक श्रेष्ठ, एफ. सि. ए.
प्रोप्राइटर

## श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
बेनी नगरपालिका ८, म्याग्दी

**इक्वीटि परिवर्तनको विवरण**

२०८१ साल आषाढ मसान्तको

| विवरण | शेयर पूँजि | जगेडा कोष | संरक्षीत पुंजी कोष | शेयर लाभांश कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | ८३,९८८,५००.०० | ३१,४३३,१५२.४७ | २,२४२,५१९.८७ | ३,६७५,४९०.०६ | ३,०५२,०६९.५४ | १२४,३९१,७३१.९४ |
| लेखा नीतिमा भएको परिवर्तनको असर | - | - | - | - | - | - |
| परिवर्तित मौज्दात | ८३,९८८,५००.०० | ३१,४३३,१५२.४७ | २,२४२,५१९.८७ | ३,६७५,४९०.०६ | ३,०५२,०६९.५४ | १२४,३९१,७३१.९४ |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | - | - | - | - | - | - |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | - | - | - | - | - | - |
| अन्य कोषमा भएका थप घट | - | - | - | - | - | - |
| वितरण तथा समायोजन | - | - | (२,१८४,९०९.७१) | (३,६३०,४३९.३१) | (७१६,१२१.३२) | (६,५३१,४७०.३४) |
| कोष स्थानतरण | - | २,४३८,६०९.१३ | (५७,६१०.१६) | (४५,०५०.७५) | (२,३३५,९४८.२२) | - |
| यस वर्षको मुनाफा बाँडफाँड | - | ७,१२३.९५ | ५,३४२.९६ | ८,७५७.११ | ७,२७१.७७ | २८,४९५.७९ |
| शेयर जारी | १,०६९,२००.०० | - | - | - | - | १,०६९,२००.०० |
| अन्तिमको मौज्दात | ८५,०५७,७००.०० | ३३,८७८,८८५.५५ | ५,३४२.९६ | ८,७५७.११ | ७,२७१.७७ | ११८,९५७,९५७.३९ |

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार ।
नि. विवेक श्रेष्ठ एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

हरि प्रसाद पौडेल
वरिष्ठ व्यवस्थापक

गोविन्द प्रसाद पौडेल
ले.स.संयोजक

चन्द्र कुमार के. सि.
सचिव

बम बहादुर पुन
कोषाध्यक्ष

अमृतलाल श्रेष्ठ
अध्यक्ष

विवेक श्रेष्ठ, एफ. सि. ए.
प्रोप्राइटर

# श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बेनी नगरपालिका ८, म्याग्दी

**जगेडा कोष तथा संचित नाफा हिसाब**

| | विवरण | % | यस वर्ष (रु) (क) | गत वर्षसम्मको (ख) | लेखा नितिमा भएको परिवर्तनको असर | बितरण (ग) | जगेडा कोषमा स्थानतरण (घ) | यस वर्षको बाँकी मौज्दात (क+ख-ग+घ) |
|---|---|---|---|---|---|---|---|---|
| | आयकर पछिको मुनाफा | १००% | २८,४९५.७९ | | | | | |
| १ | साधारण जगेडा कोष | २५% | ७,१२३.९५ | ३१,४३३,१५२.४७ | | - | २,४३८,६०९.१३ | ३३,८७८,८८५.५५ |
| २ | बाँकि रकम | ७५% | २१,३७१.८४ | ८,९७०,०७९.४७ | - | ६,५३१,४७०.३४ | (२,४३८,६०९.१३) | २१,३७१.८४ |
| | जम्मा | १००% | २८,४९५.७९ | ४०,४०३,२३१.९४ | - | ६,५३१,४७०.३४ | - | ३३,९००,२५७.३९ |
| | बाँकि रकम बाँडफाँड | | | | | | | |
| १ | संरक्षीत पुंजी फिर्ता कोष | २५% | ५,३४२.९६ | २,२४२,५१९.८७ | - | २,१८४,९०९.७१ | (५७,६१०.१६) | ५,३४२.९६ |
| २ | सहकारी प्रवर्द्धन कोष | ०.५% | १०६.८६ | ४४,८५०.४० | - | ४४,८५०.४० | - | १०६.८६ |
| ३ | अन्य कोष | ७४.५% | १५,९२२.०२ | ६,६८२,७०९.२१ | - | ४,३०१,७१०.२४ | (२,३८०,९९८.९७) | १५,९२२.०२ |
| | जम्मा | १००% | २१,३७१.८४ | ८,९७०,०७९.४७ | | ६,५३१,४७०.३४ | (२,४३८,६०९.१३) | २१,३७१.८४ |
| | अन्य कोष | | | | | | | |
| १ | शेयर लाभांश कोष | ५५% | ८,७५७.११ | ३,६७५,४९०.०६ | - | ३,६३०,४३९.३१ | (४५,०५०.७५) | ८,७५७.११ |
| २ | कर्मचारी बोनस कोष | १०% | १,५९२.२० | ६६८,२७०.९२ | - | ६६८,२७०.९२ | - | १,५९२.२० |
| ३ | सहकारी विकास कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | - | (३३४,१३५.४६) | ७९६.१० |
| ४ | घाटा पुर्ति कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | - | (३३४,१३५.४६) | ७९६.१० |
| ५ | समुदायिक विकास कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | ३,०००.०० | (३३१,१३५.४६) | ७९६.१० |
| ६ | सहकारी शिक्षा कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | | (३३४,१३५.४६) | ७९६.१० |
| ७ | स्थीरीकरण कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | - | (३३४,१३५.४६) | ७९६.१० |
| ८ | अन्य जोखिम बहन कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | - | (३३४,१३५.४६) | ७९६.१० |
| ९ | सदस्य हित कोष | ५% | ७९६.१० | ३३४,१३५.४६ | - | - | (३३४,१३५.४६) | ७९६.१० |
| | अन्य कोष को जम्मा | | १५,९२२.०२ | ६,६८२,७०९.२१ | - | ४,३०१,७१०.२४ | (२,३८०,९९८.९७) | १५,९२२.०२ |

नि. विवेक श्रेष्ठ एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

हरि प्रसाद पौडेल
वरिष्ठ व्यवस्थापक

गोविन्द प्रसाद पौडेल
ले.स.संयोजक

चन्द्र कुमार के. सि.
सचिव

बम बहादुर पुन
कोषाध्यक्ष

अमृतलाल श्रेष्ठ
अध्यक्ष

विवेक श्रेष्ठ, एफ. सि. ए.
प्रोपाईटर

**श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**बेनी नगरपालिका ८, म्याग्दी**
**वित्तिय विवरण सम्बन्धी टिप्पणीहरु**
**२०८१ साल आषाढ मसान्तको**

१ **संस्थाको संक्षिप्त पृष्ठभुमि :**

श्री न्यू धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड (यस पछि 'संस्था' भनी सम्बोधन गरिएको) वि.सं. २०५७ साल माघ ०३ गते सहकारी ऐन, २०७४ (साविक सहकारी ऐन २०४८) बमोजिम म्याग्दी जिल्लामा स्थापित दर्ता न. १५८/०५६/०५७ रहेको एक सिमित दायित्व भएको सहकारी संस्था हो । यसको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बेनी नगरपालिका वडा नं. ०८, म्याग्दी रहेको छ । संलग्न वित्तिय विवरणहरु सहकारीको संचालक समितिले मिति २०८१ मंसिर ०७ गते पारित गरेको हो । संस्थाको स्था. ले. न. ६०१७४२२१९ रहेको छ । सहकारीमा आबद्द सदस्यहरुविच बचत तथा ऋणको कारोबार गर्नु यस सहकारीको मुख्य कृयाकलाप रहेको छ ।

२ **लेखाङ्कनको आधार**

२.१ **लेखा सम्बन्धी अवधारणा**

संलग्न वित्तिय विवरणाहरु सर्वमान्य लेखा सिद्धान्तका आधारमा, विद्यमान लेखा नीतिहरु, सहकारी ऐन, नेपाल लेखामान तथा आ.व. २०८०.८१ लाई लागु हुने निर्देशनहरु बमोजिम तयार गरिएका छन् ।आर्थिक विवरणहरु अन्यथा उल्लेख गरिएको बाहेक प्रोदभावी आधार (Accrual Basis ) मा अविछिन्न सञ्चालनको मान्यताको आधारमा (Going Concern Assumptions) तयार गरिएको छ । संचालक समितिको निर्णय अनुरुप प्रस्तुत आर्थिक विवरणहरू भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले जारि गरेको सहकारी क्षेत्रको वित्तिय प्रतिवेदन प्रारुप (लेखा निति, लेखा सुचि र लेखा मापदन्ड, २०७६) बमोजिम तयार गरिएको छ ।

२.२ **वित्तिय विवरण तयार पार्ने उत्तरदायित्व**

संस्थाको वित्तिय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । यस सन्दर्भमा सञ्चालक समितिले आफ्नो जिम्मेवारीको पूर्ण जानकारी रहेको व्यहोरा यसै प्रतिवेदनमा प्रस्तुत वार्षिक वित्तिय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :

क) संस्थाको आषाढ मसान्त, २०८१ मा कायम वित्तिय अवस्थाको जानकारी प्रदान गर्ने वित्तिय अवस्थाको विवरण (Statement of Financial Position)

ख) संस्थाको आर्थिक वर्ष २०८०.८१ को वित्तिय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब (Statement of Profit or Loss ),

ग) संस्थाको आर्थिक वर्ष २०८०.८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

घ) संस्थाको वित्तिय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तिय विवरणसंग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु,

२.३ **वित्तिय विवरण प्रस्तुतिको मुद्रा**

संस्थाको वित्तिय विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा प्रस्तुत गरिएका छन् ।

२.४ **अनुमान, धारणा तथा स्वविवेकमा आधारित निर्णयको प्रयोग (Use of Estimates, Assumptions and Judgments)**

Nepal Accounting Standards(NAS) को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तिय प्रतिवेदन तयार गर्दा Nepal Accounting Standards(NAS) ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimates), धारणा (Assumptions), तथा स्वविवेक (Judgements) हरुलाई आधार बनाईएको हुन्छ । संस्थाको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा Nepal Accounting Standards(NAS) ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तिय विवरणको तयारीमा निम्न क्षेत्रमा अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

१. स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)

२. आयकर निर्धारण (Taxation)

३. परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)

४. सम्भावित दायित्व निर्धारण (Provisions for Liabilities, Commitments and Contingencies)

यसबाहेक NAS 17 को प्रावधान बमोजिम घर भाडालाई Straight Line method मा प्रस्तुत गरीएको छ ।

२.४.१ **स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि**

संस्थाले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रास कट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

२.४.२ **कर**

आयकर खर्चमा यस वर्षको कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**चालु आयकर दायित्व**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तिय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ ( संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व)**

सम्पत्ति तथा दायित्वहरुको वित्तिय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तिय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिदैन ।

२.४.३ **सम्भावित दायित्वको लागि व्यवस्था**

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एकभन्दाबढी तथा संस्थाको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायकाकारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु पर्दछन् ।

१. दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको, अथवा

२. दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

२.५ **लेखा नीतिमा परिवर्तन**

संस्थाले यस आर्थीक वर्षमा लेखा नीतिहरु परिवर्तन गरेको छैन ।

२.६ **संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)**

संस्थाको व्यवस्थापनले संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ। साथै, व्यवस्थापनले संस्थाको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तिय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर तयार गरिएको छ ।

२.७ **तुलनात्मक जानकारी**

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ। गत आर्थिक वर्षका वित्तिय रकमहरुलाई आवश्यकता अनुसार पुर्नवर्गिकरण गरिएका छन् ।

२.८ **वित्तिय विवरणको मिति पश्चातका घटनाहरु**

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तिय विवरण (मिति आषाढ ३१, २०८१ को वित्तिय अवस्था दर्शाउने वित्तिय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयमावधिमा सो विवरणले पेश गरेको वित्तिय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुलवा प्रतिकुल घटनाहरुलाई वित्तिय स्थितिको विवरणको मिति पश्चातका घटनाहरु भन्ने गरिन्छ ।

३ **प्रमुख लेखा नितिहरु :**

वित्तिय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

३.१ **मापनको आधार**

प्रस्तुत वित्तिय विवरण उल्लिखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ।

३.२ **नगद तथा नगद समान**

नगद तथा नगद समान भनी नगद मौज्दात, बैंक तथा वित्तिय संस्थामा रहेको बैंक मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, जोखिमरहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने तरल वित्तिय सम्पत्तिलाई जनाईएको छ । नगद तथा नगदमा प्राप्त हुने मौज्दातलाई वर्गीकरण गरी वित्तिय अवस्थाको विवरणमा छुट्टै देखाईएको छ ।

### ३.३ कर्जा नोक्सानी व्यवस्था

संस्थाको कर्जा तथा सापटमा निहीत जोखिमलाई न्यून गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । सहकारी मापदण्ड, २०६८ तथा सहकारी नियमावलि, २०७५ को आधारमा कर्जा तथा सापटलाई वर्गिकरण गरी १ देखि १०० प्रतिशत सम्म कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

| कर्जाको वर्गीकरण | भाखा नाघेको अवधि | कर्जा नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल कर्जा | भाखा ननाघेको | १% |
| शंकास्पद कर्जा | १ वर्ष सम्म भाखा ननाघेको | ३५% |
| खराव कर्जा | १ वर्ष भन्दा बढी भाखा नघेको | १००% |

ऋण नोक्सानी कोष हिसाव गर्दा ऋण भुक्तानी गर्ने समयावधी पुरै समाप्त भएको मितिले एक वर्ष सम्मका ऋणको ३५%, एक वर्ष भन्दा बढि समयावधी भएका ऋणको १००% र ऋण भुक्तानी गर्ने समयावधी पुरै समाप्त नभएका ऋणको १% का दरले गरीएको छ ।

### ३.४ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – 'Property, Plant & Equipment' को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने निति लिएको छ ।

#### ३.४.१ पहिचानको आधार

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्तितथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ ।

#### ३.४.२ मापनको आधार

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृतिबाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

#### ३.४.३ लागत मोडल(Cost Model)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसारस्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुतगर्ने गरिन्छ ।

### ३.४.४ पुनरमूल्याङ्कन मोडल (Revaluation Model)

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनरमूल्याङ्कन Model अपनाएको छैन ।

### ३.४.५ निसर्ग (Derecognition)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आङ्कलनभएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.४.६ पूंजीकृत नगरिएका स्थिर सम्पत्ति

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरी पूँजीकृत गरिन्छ । यसका साथै यस संस्थाले रु २,००० सम्मका सामानहरु खरिद गर्दा खरिद भएकै वर्षमा खर्च लेख्ने तथा रु २,००० भन्दा बढी मुल्यको सामान खरिद गर्दा पूंजीकृत गर्ने नीति लिइएको छ ।

### ३.४.७ ह्रासकट्टी

संस्थाले सहकारी क्षेत्रको वित्तिय प्रतिवेदन प्रारुप बमोजिम स्थिर सम्पत्तीलाई तिनीहरुको उपयोगी आयुको आधारमा ह्रासकट्टी रकम लेखाङ्कन गरेको छ । संस्थाको सम्पत्तिहरुको अनुमानित आयु सम्बन्धि निति नभएकाले नेपाल लेखामान बोर्डले जारि गरेको Application Guidance to NAS 16 Property, Plant and Equipment लाई आधार मानी सम्पत्तिहरुको अनुमानित आयु निम्न अनुसार निर्धारण गरीएको छ :

| क.सं. | सम्पत्ति | अनुमानित आयु |
|---|---|---|
| १ | फर्निचर तथा फिक्स्चर्स | १० वर्ष |
| २ | कम्पयुटर | ३ वर्ष |
| ३ | कार्यालय सामान | ५ वर्ष |
| ४ | सवारी साधन | १० वर्ष |
| ५ | लिजहोल्ड सम्पत्ति | १० वर्ष |
| ६ | सफ्टवयर | ५ वर्ष |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. २०५७ म्याग्दी, बेनी

Bibek Shrestha & Associates CA Pokhara

### ३.५ आयकर

संस्थाले आयकर लेखाङ्कन आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ बमोजिम स्वयंकर निर्धारणबाट निर्धारित गर्ने गरेको छ। आयकर खर्चमा यस वर्षको कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ।

### ३.५.१ चालु अवधिको आयकर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो। आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन्। सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ। यस वर्षको आयकर आयकर ऐन २०५८ अनुसार रु. ६२०,२६९.४७ आयकर व्यवस्था गरिएको छ।

### ३.५.२ स्थगन कर

सम्पत्ति तथा दायित्वहरुबाट सिर्जित हुने वित्तिय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नताबाट सिर्जित हुने स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) लाई वित्तिय अवस्थाको विवरणमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो स्थगन वार्षिक प्रतिवेदनमा कर सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को रुपमा लेखाङ्कन गरिन्छ। स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन।

### ३.६ सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

१. विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ।

२. विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

⇒ दायित्व निसर्ग गर्नका लागि आर्थिक श्रोत बाहिरिने सम्भावना नरहेको,

⇒ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको,

थाहा भएसम्मको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ। सारभूत दायित्वको भविष्यमा निस्कने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ।

### ३.७ आयको पहिचान (Revenue Recognition)

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NAS 18 – Revenue को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ।

३.७.१ **ब्याज आम्दानी**

संस्थाले कर्जामा प्राप्त हुने ब्याज आम्दानीलाई NAS 18- "Revenue" को प्रावधान बमोजिम प्रोदभावी (Accrual Basis of Accounting) पद्वतिका आधारमा लेखाङ्कन नगरि नगद प्राप्तीको आधारमा लेखाङ्कन गर्ने नीति लिएको छ । सहकारी विभागले मिति २०८१.०३.१९ मा जारि गरेको निर्देशन अनुरुप यस आ. व. २०८०.८१ को ब्याज मिति २०८१ श्रावण १५ भित्र भुक्तानी प्राप्त भएकाले उक्त ब्याज (रु २,७८३,०१७.८०) लाई यसै आ. व. मा आम्दानी बाँधिएको छ। यद्यपी लगानीबाट आर्जित ब्याज आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ । पाकेको तर प्राप्त हुन नसकेको ब्याजलाई ब्याज मुल्तवि हिसाव (Interest Suspense Account) मा जम्मा गरीएको छ ।

३.७.२ **शुल्क तथा कमिशन आय**

कर्जा व्यवस्थापन तथा सेवा शुल्क लगायत कर्जा सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, कर्जा स्वीकृत भए पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ। कर्जा सम्बन्धी अन्य सेवा वापत प्राप्त हुने, सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ ।

३.७.३ **लाभांश आम्दानी**

शेयर लगानीबाट प्राप्त हुने लाभांश, सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा कम्पनीले घोषणा गरेको लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

३.७.४ **अन्य सञ्चालन आम्दानी**

शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाईएका अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाईएको छ । साथै शेयर लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.८ **ब्याज खर्च**

सदस्यहरुको निक्षेप खातामा संस्थाले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

३.९ **ब्याज आम्दानी तथा ब्याज मुल्तवी**

कर्जा तथा सापटबाट आर्जित ब्याज आम्दानिलाई नगद प्राप्तिको आधारमा मात्र आम्दानी देखाइएको छ । कर्जा तथा सापटबाट पाउनुपर्ने ब्याज प्राप्त भईनसकेकाले रु ४३,२६३,०३४.७७ ब्याज मुल्तवी खातामा मिलान गरिएको छ । तर सहकारी विभागले मिति २०८१.०३.१९ मा जारि गरेको निर्देशन अनुरुप आ. व. २०८१.८२ को मिति २०८१ श्रावण १५ भित्र भुक्तानी प्राप्त भएको ब्याज (रु २,७८३,०१७.८०) लाई यसै आ. व. २०८०.८१ मा आम्दानी बाँधिएकाले पाउनुपर्ने ब्याज र ब्याज मुल्तवी खातामा उक्त रकमको भिन्नता रहेको छ ।

३.१० **कर्मचारी खर्च**

कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत संस्थाले कर्मचारीलाई प्रदान गर्ने सम्पूर्ण रकम तथा सेवा सुविधालाई कर्मचारी खर्च अन्तर्गत प्रस्तुत गरिन्छ । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कन NAS 19-"Employee Benefits" को प्रावधान बमोजिम गरिएको छ । संस्थाले संस्थामा कार्यरत अठार जना कर्मचारीको मात्र संचय कोषको व्यवस्था गरेको छ । संस्थाले संचित बिदा बापतको रकमलाई प्रोदभावी आधार Accural Basis मा व्यवस्था गरेको छैन ।

### ३.११ कर्मचारी बोनसको व्यवस्था

सहकारी ऐन, २०७४ बमोजिम आयकर पछिको मुनाफालाई साधारण जगेडा कोष, संरक्षीत पुंजी कोष र सहकारी प्रवद्धन कोषमा स्थानतरण गरेपछिको रकममा १०% को दरले हुन आउने रकम बरावर कर्मचारी बोनसको व्यवस्था गरिएको छ ।

### ३.१२ गैर व्यवसायीक सम्पत्ती

वित्तिय विवरणमा राखिएको गैर व्यवसायीक सम्पति २०७६/०६/१५ गतेका दिन, जब्बरे कामीको धितो पन्चाक्रित मुल्यामा साकार गरीएको सम्पति हो तर बिक्रि हुन नसकेको हुदा सोहि अनुसार हाम्रो वित्तिय विवरणमा प्रस्तुत गरीएको छ ।

### ३.१३ पट्टा (Lease)

पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NAS 17 – Lease को प्रावधान बमोजिम गरीएको छ । पट्टाको प्रकृति अनुसार वित्तिय पट्टा (Finance Lease) वा सञ्चालन पट्टा (Operating Lease) को रुपमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । संस्थाको व्यवसाय संचालनका क्रममा कार्यालय भवन समेत (Operating Lease) करार अन्तर्गत प्रयोग गरिएको छ ।

पट्टामा लिएका भवनमा गरिएका खर्च रकमहरुलाई, पट्टाबधीको आधारमा समदरमा (Straight Line Basis) खर्चहरु लेखाङ्कन गरीएको छ ।

### ३.१४ धितो लिलाम भई साकार गर्ने प्रक्रियामा

देहाय बमोजिमका कर्जामा धितोबंधक रहेका जग्गाहरु मिति २०८१/०१/२३ र २०८१/०३/२५ को संचालकहरुको बैठकबाट लिलाम भई साकार हुने प्रक्रिया सुरु गरीएको छ ।

| नाम | बक्यौता | पन्चक्रित मूल्य | टिप्पणी |
|---|---|---|---|
| बासमती बि.क | १,६००,०००।०० | १,६००,०००।०० | पोखरा |
| तमिता फगामी | १,९६५,८५५।०० | ६६०,०००।०० | पोखरा |
| जैमती सुनार | १,३००,०००।०० | ४३०,०००।०० | पोखरा |
| थिरबहादुर छन्त्याल | २,५००,०००।०० | ८५०,०००।०० | पोखरा |
| खमाया गर्बुजा | २,०००,०००।०० | ६००,०००।०० | पोखरा |
| राजकुमार सार्की | ५००,०००।०० | ८५०,०००।०० | |
| सुरज बानियाँ | ६००,०००।०० | १,०००,०००।०० | |
| रमेशकुमार श्रेष्ठ | १०,२३०,०००।०० | १६,०५५,०००।०० | |
| धनदेबी भण्डारी | ४,८६४,०४०।०० | | |
| तप्तबहादुर भण्डारी | ४,८६६,७२०।०० | १२,९८७,५००।०० | |
| टेकबहादुर खत्री | १,१००,०००।०० | १,६५०,०००।०० | |
| भीम बहादुर बि.क | ५००,०००।०० | ६५०,०००।०० | |
| भक्ते सार्की | १,१५०,०००।०० | १,८०६,२०६।०० | |
| रतिमाया घर्ती | ३००,०००।०० | ४५९,५३२।०० | |
| उषा जैसी | २,०२७,१०५।०० | २,६१५,०००।०० | |
| जम्मा | ३५,५०३,७२०।०० | ४२,२१३,२३८।०० | |

### ३.१५ रिपोर्टिङ अवधि पछिको घटनाहरू (Events after the reporting period)

देहाय बमोजिमका कर्जामा धितोबंधक रहेका जग्गाहरु मिति २०८१/०५ /०६ को संचालकहरुको बैठकबाट लिलाम भई साकार हुने प्रक्रिया सुरु गरीएको छ ।

| नाम | बक्यौता | पन्चकित मूल्य | टिप्पणी |
|---|---|---|---|
| पार्वती दमाई | १,२००,०००।०० | ३५०,०००।०० | पोखरा |
| बिकल बि.क | २,७२७,३४०।०० | १,५००,०००।०० | पोखरा |
| आकाश लामगारे | १,३००,०००।०० | ६३७,५००।०० | पोखरा |
| श्री कला घिमिरे बि.क | १,६००,०००।०० | १,६००,०००।०० | पोखरा |
| जलदेवी बि.क | १,७००,०००।०० | १,०१२,५००।०० | पोखरा |
| हरिबहादुर सुनार | १,७००,०००।०० | १,०१२,५००।०० | पोखरा |
| लाल कुमार कामी | १,६००,०००।०० | १,६००,०००।०० | पोखरा |
| सुशीला कामी | २,०००,०००।०० | ५००,०००।०० | पोखरा |
| संगीता बि.क | १,३००,०००।०० | ६३७,५००।०० | पोखरा |
| टेकबहादुर हर्मेल | २,३९४,९१८।०० | १,३८७,५००।०० | पोखरा |
| देवी नेपाली | १,२०५,०४२।०० | ३००,०००।०० | पोखरा |
| जम्मा | १८,७२७,३००।०० | १०,५३७,५००।०० | |

### ३.१६ शेयर पूँजी तथा जगेडा कोषहरु

